# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------

साना सिँचाई कार्यक्रम, दैलेखका सव इन्जिनियर सल बहादुर बुढा विरूद्ध विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

निज सव इन्जिनियर सल बहादुर बुढाको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्ने व्यहोराको उजुरीउपर अनुसन्धान हुँदा निजले नेपाल सरकार र स्विस सरकारको संयुक्त आयोजनामा सञ्चालित साना सिँचाई कार्यक्रम (सीप) नेपाल अन्तर्गत कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता, दैलेखमा सव इन्जिनियर पदमा नियुक्त हुने प्रयोजनको लागि त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, काठमाडौंबाट प्राप्त Diploma In Civil Engineering को झुठ्ठा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी पदमा नियुक्ति भै लाभसमेत लिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) को कसुर भएको हुँदा निज सव इन्जिनियर सल बहादुर बुढा उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ बमोजिम आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता